निर्णय पुस्तिका

बैठक संख्या-६

आज मिति २०७८ साल पौष १ गते विहिवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठक तपशिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थित

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री धन कुमार राई | |
| १९ | | | |
| | | | |
| | | | |

प्रस्तावहरुः

१. आर्थिक प्रशासन शाखा प्रमुख तोक्ने सम्वन्धमा ।
२. इन्जिनियर र कम्प्यूटर अपरेटर सेवा करारमा नियुक्ति गर्ने सम्वन्धमा ।
३. राजस्व सुधार कार्ययोजना निर्माण समझदारी सम्वन्धमा ।
४. मर्मत संभार भुक्तानी सम्वन्धमा ।
५. कार्यालय सहयोगीको सेवा सुविधा सम्वन्धमा ।
६. वडा सचिवको जिम्मेवारी सम्वन्धमा ।
७. पुस्तक प्रकाशनका लागि सहयोग गर्ने सम्बन्धमा ।
८. राहत उपलब्ध गराउने सम्बन्धमा।

निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल भै आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा आर्थिक प्रशासन शाखा प्रमुख भै कार्यरत लेखा सहायक पाँचौंको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार सरुवा भएको हुँदा अर्को व्यवस्था नभएसम्म आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा स्थायी नियुक्ति पाई कार्यरत आन्तरिक लेखा परिक्षक सहायक पाँचौ श्री मोहन कुमार मोक्तानलाई आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारी को लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

२. प्रस्ताव नं २ माथि छलफल भै आमचोक गाउँपालिकामा कार्यरत कर्मचारी इन्जिनियर र कम्प्यूटर अपरेटर सरुवा भै जानुभएको हुँदा उक्त रिक्त पदमा सेवा करारमा नियुक्तिका लागि प्रकृया बढाउने ।

३. प्रस्ताव नं ३ माथि छलफल भै आमचोक गाउँपालिका र प्रदेश सरकारसँगको सहकार्यमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत विनियोजित वजेटवाट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण गर्न प्रदेश प्रशिक्षण केन्द्र प्रदेश नं १ र आमचोक गाउँपालिका भोजपुरका वीच भएको समझदारी पत्रानुसारको समझदारीलाई ग्रहण गर्दै अनुमोदन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट सडक मर्मत संभार उपभोक्ता समिति आमचोक मार्फत भएको वडा नं १ देखि १० सम्मका २९ विभिन्न सडक मर्मतका लागि प्राविधिक मूल्यांकन कार्यसम्पन्न प्रतिवेदन अनुसार जम्मा खर्च रु १८७१०५१।३७ (श्रमदान वाहेक) भुक्तानी गर्ने निर्णय गरियो । उक्त रकम प्रदेश सवारी साधन करवापत प्राप्त रकम र वाँकी आमचोक गाउँपालिकाको मर्मत संभारकोष शीर्षकमा विनियोजित रकमवाट भुक्तानी गर्ने ।

५. प्रस्ताव नं ५ माथि छलफल भै साविक पांचा गाउँ विकास समितिको कार्यालयको कार्यालय सहयोगी पदमा मिति २०६४/०८/१८ मा स्थायी नियुक्ति पाई हाल आमचोक गाउँपालिका १० नं वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी दितिय स्तर श्री वीर वहादुर राई मिति २०७८/०८/१८ बाट उमेर हदका कारण अनिवार्य अवकास पाउनु भएकोमा निजलाई कानुनतः प्राप्त हुने देहायको सेवासुविधा आमचोक गाउँपालिकाको कर्मचारी कल्याणकोषमा मौजाद रकमवाट भुक्तानी गर्ने निर्णय गरियो ।



प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

| | |
|---|---|
| क. उपदानवापत (१४ वर्षको सेवा अवधि) | ३३८६८८।०० |
| ख. संचित विरामी विदा (१७८ दिन अर्थात ५.६ महिना) | १३५४७५।०० |
| ग. संचित घर विदा (१८० दिन अर्थात ६ महिना) | १४५१५२।०० |
| घ. संचित उपचार खर्च(१८ महिना ) | ४३५४५५।०० |
| जम्मा- | १०,५४,७७०।०० |

६. प्रस्ताव नं ६ माथि छलफल भै आमचोक गाउँपालिका अन्तर्गतको वडामा वडा सचिव रिक्त रहेकोका आमचोक गाउँपालिकामा उपलव्ध स्वास्थ्य सेवा/इन्जिनियरिङ सेवा/प्रशासन सेवाका विभिन्न पदका स्थायी कर्मचारीमध्येवाट अर्को व्यवस्था नभएसम्मका लागि जिम्मेवारी तोक्ने निर्णय गरियो ।

७. धरान सरोकार समाजद्वारा प्रकाशित वालवालिकाको डाक्टर साथी नामक पुस्तकको लागि रु. ५०,०००।- (अक्षरेपि पचास हजार मात्र) अन्य सहायता शिर्षक बाट उपलव्ध गराउने निर्णय गरियो।

८. आमचोक – ४ वालंखा निवासी कमान सिं. राई को २०७८ मंसिर २९ गते आगलागी भई पूर्ण क्षती भएको र उक्त आगो नियन्त्रण गर्न खोज्दा कमान सिं. राई शक्त घाइते भई वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गराई रहेको हुदा प्रहरी सर्जिमिन र वडा कार्यालयको सिफारिस को आधारमा राहात स्वरुप रु. २००००।- ( अक्षरेपि विस हजार मात्र ) अन्य सहायता शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो।

अध्यक्ष प्रमुख प्रशासकीय अधिकृत